**पाँचखाल नगरपालिका वार्ड न. ९, ११ र १२ मा भएको Food Poisoning (बिसाक्त खाना) सेवन को घटना सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय को प्रेस विज्ञप्ति**

स्थानीय स्वावलंबन सहकारी सस्थाले तीजको अबसरमा आयोजना गरेको मिति २०७५ भाद्र २२ को दर खाने कार्यक्रममा करिब ५९० जना स्थानीयहरु सहभागी रहेको र सहभागीहरुले खाना (दर) खाए पश्चात करीब ६ घण्टा पछि बान्ता आउने तथा पेट दुख्ने, ज्वरो आउने जस्ता लक्षणहरु देखा परेका थिए | जम्मा बिरामी **४७८** अभिलेखीकरण गरीएको छ |

उक्त दिन देखि नै प्रभावितहरुको उपचार तपसिल अनुसारका अस्पतालहरुमा भएको र निजहरुको अवस्था तथा डिस्चार्जको विवरण

| क्र.स. | उपचाररत अस्पतालको नाम | बिरामी संख्या | कैफियत |
|---|---|---|---|
| १ | धुलिखेल अस्पताल | १६६ | १०१ डिस्चार्ज |
| २ | शिर मेमोरियल अस्पताल | ७३ | ७ डिस्चार्ज |
| ३ | पाटन एकेडेमी अफ हेल्थ साइन्स | ९ | |
| ४ | बालुवा हेल्थ सेन्टर काभ्रे | ३४ | ६ डिस्चार्ज |
| ५ | पाँचखाल प्राथमिक स्वास्थ्य केन्द्र | ६६ | ५६ डिस्चार्ज |
| ६ | पाँचखाल पोलिक्लनिक | ३२ | २० डिस्चार्ज |
| ७ | बनेपा अस्पताल | ४ | |
| ८ | हेल्थ क्याम्प, भावना मा .बि., बालुवा | ९२ | रिफर गरीएको |
| ९ | निजामती अस्पताल | २ | पाँचखाल पोलिक्लिनिक बाट रिफर गरिएको |
| | **जम्मा** | ४७८ | |

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
रामशाहपथ, काठमाडौं

०७५।५।२४
५.१५.

घटना घटेको दिन मिति २०७५/०५/२३ गते शनिबारनै सचिवज्यूको निर्देशनमा स्वास्थ्य सेवा विभागका महानिर्देशकज्यू को नेतृत्वमा स्वास्थ्य मन्त्रालय गुणस्तर मापन तथा नियमन प्रमुख, स्वास्थ्य आपतकालीन तथा विपद व्यवस्थापन इकाई प्रमुख तथा बिश्व स्वास्थ्य संगठन लगायत जिल्लाको RRT, प्रमुख जिल्ला अधिकारी तथा प्रहरी बलको संयुक्त टोलिले घटनास्थलको स्थलगत अध्ययन गरि आबश्यक स्वास्थ्य सेवा तथा उपचार मा सहजीकरण गरेको

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय HEOC मार्फत स्थानीय रुपमा प्रत्यक्ष सेवा पुर्याउने धुलिखेल अस्पताल, शिर मेमोरीअल, पाटन अस्पताल, जिल्ला प्रशासन कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय, खाद्य प्रबिधि तथा गुण नियन्त्रण बिभाग, पाँचखाल प्राथमिक स्वास्थ्य केन्द्र, सम्बन्धित स्थानीय नगरपालिका लगायात संग स्थलगत रुपमा समन्वय, परीचालन तथा निरन्तर सम्बाद, समन्वय तथा बिरामीहरुको अबस्थाको बारे निरन्तर फलोअप गरिरहेको छ । साथै इपिडीमियोलीजीकल अन्वेषण गर्ने कार्य निरन्तर रहेको छ ।

मिति २०७५/०५/२४ गते बिहान १०.०० बजे स्वास्थ्य तथा जनसंख्या सचिब्ज्युको नेतृत्वमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा बसेको बैठकले बिरामीको उपचारमा अझै बिशेस ध्यान दिदै घटनाको बिस्तृत Epidemiological अन्वेषण गर्ने र समन्वय गरी व्यवस्थापन गर्ने निर्णय गरेको छ ।

सम्बन्धित ३ नं. प्रदेश सरकार, जि.स.स. काभ्रे, स्थानीय तह पाँचखाल नगरपालिका लगायत बिभिन्न संघसस्था संग स्वास्थ्य मन्त्रालय HEOC मार्फत समन्वय गर्ने साथै बिरामीको उपचारमा सहयोग गर्ने बिभिन्न अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालयसम्बन्धित स्थानीय तह, संघसस्था, पत्रकार तथा सम्बन्धित सबैमा धन्यवाद ज्ञापन गर्दछ ।

०७५/५/२४
५.१५

चुडामणि भण्डारी
प्रमुख, स्वास्थ्य आपतकालीन तथा विपद व्यवस्थापन
इकाई (HEDMU/HEOC)